# मानमिन समाचार

अंक ३२ जुलाई २९, २०१८

# मानमिनमा परमेश्वरको प्रेम र शक्तिको भरपूरी

## "मानमिन केन्द्रीय चर्चले परमेश्वरको शक्तिका साथ साहससित सुसमाचार प्रचार गर्दछ !"

आज थुप्रै चर्चहरू पक्राउ पर्ने डरले सुसमाचार प्रचार गर्नदेखि हिचकिचाउँछन् । तरैपनि, मानमिन केन्द्रीय चर्च एक यस्तो विशेष चर्च हो, जसका सदस्यहरूले संसारभरि सृष्टिकर्ता परमेश्वरको शक्ति र येशू ख्रीष्टको नाउँलाई साहस पूर्वक घोषणा गर्नुहुन्छ । संसारको निम्ति सिनियर पास्टर डा. जेरक लीको दर्शन र उहाँको आत्मिक नेतृत्वले गर्दा प्रभुको सुसमाचार संसारभरि नै फैलिरहेको छ । चर्चको टिभी स्टेशन, जीसीएन, राष्ट्रिय धार्मिक प्रसारणकर्ताहरूका सदस्यहरू मध्येको एक प्रमुख स्टेशन हो । यसका कार्यक्रमहरू उच्च-गुणस्तरीय र रचनात्मक छन् । यो अन्य इसाई टिभी स्टेशनहरूका निम्ति ठूलो उदाहरण बनेको छ ।

डा. फ्रैंक राइट, एनआरबीका पूर्व अध्यक्ष,
संयुक्त राज्य अमेरिका





## "इबोला हटाई दिनुहुने परमेश्वरको शक्तिको म प्रशंसा गर्छु !"

मेरो कुनै पनि राजनीतिक पहुँच नभएतापनि निजामती सेवाको क्रममा मैले थुप्रै पटक पदोन्नतिको आशिष् पाएँ । अरूको निन्दा र गलत बुझाइबाट म समस्यामा परेतापनि, सिनियर पास्टर डा. जेरक ली समक्ष प्रार्थनाका अनुरोधहरू पठाउँदा, उहाँले मेरो निम्ति प्रार्थना गरिदिनु हुन्थ्यो र सबै समस्याहरू समाधान हुन्थे । म इक्वेटियर राज्य (भ्त्रगबतभगच क्तबतभ) को गभर्नर हुँदा, त्यहाँ ईबोला भाइरसको महामारी फैलिएको थियो । मैले फेरि उहाँ समक्ष प्रार्थनाको अनुरोध पठाएँ र उहाँले त्यस महामारीको निम्ति प्रार्थना गरिदिनु भयो । उहाँले प्रार्थना गरिदिनु भएको दिनदेखि ईबोलाको एउटै पनि नयाँ घटना देखिएन । मेरो राज्यबाट ईबोला हटाई दिनुहुने परमेश्वरको शक्तिको म प्रशंसा गर्छु ।

एल्डर सेबस्टेन इम्पेटो पेङ्गो,
डी आर कंगोका राजनीतिज्ञ





## "यो चर्च बाइबल अनुसार छ र उत्तम छ !"

मानमिन केन्द्रीय चर्चमा जाँदा, मैले पवित्र आत्माको भरपूरी र न्यानोपना महसुस गरें, जुन मैले युरोपका चर्चहरूमा कहिल्यै महसुस गरेको थिइनँ । चर्चका सदस्यहरू एकआपसमा प्रेम गर्नुहुन्छ र आराधना सेवाहरू तथा चर्चका सेवकाईहरूमा आफ्नो सारा हृदय लगाउनु हुन्छ । चर्चका सबै कुराहरू बाइबल अनुसार नै छन् । डा. जेरक लीको शिक्षाद्वारा नै यी सब सम्भव भएको हो भनी म विश्वास गर्दछु । डा. लीका प्रार्थनाद्वारा सम्भव भएका परमेश्वरका कार्यहरू र चिन्हहरू बारे थुप्रै गवाहीहरू सुनेपछि, म एकदमै प्रभावित भएँ । डब्ल्यूसीडीसीएन को सेवकाईले मलाई मेरो विश्वासमा अझ बढी उत्सुक बनायो र ख्रीष्टियन चिकित्सकको रूपमा परमेश्वरको शक्तिका कार्यहरू फैलाउने मेरो दर्शनलाई ताजा गरायो ।

डा. ल्यूबका टचान्चिभा,
बुल्गेरिया विज्ञान प्रतिष्ठानका न्यूरोबायोलोजिस्ट





## "हामी, इस्राएलका राष्ट्रिय सभाका सदस्यहरू तपाईंलाई धन्यवाद दिन्छौं !"

सन् २००९ सालको इस्राएल संयुक्त क्रूसेडमा डा. जेरक लीले प्रकट गर्नुभएको शक्ति साँच्चै अद्‌भूत थियो । त्यस समय, हाम्रो देश लामो समयदेखिको खडेरीबाट ग्रस्त थियो । डा. लीले खडेरी हटेर गएको होस् भनी प्रार्थना गर्नुहुँदा, परमेश्वरले उहाँको प्रार्थनाको उत्तर दिनुभयो । उहाँले प्रार्थना गर्नुभएपछि तुरुन्तै यरूशलेम र इस्राएलका अन्य भागहरूमा भारी वर्षा भयो । मैले पहिलो पटक उहाँलाई भेट्दाँ, म यरूशलेम नगर परिषद्‌को सदस्य थिएँ तर अहिले म राष्ट्रिय सभाको सदस्य र उप-सभामुख पनि हुँ । उहाँले गरिदिनु भएको प्रार्थनाको निम्ति म एकदमै कृतज्ञ छु । इस्राएलप्रतिको उहाँको प्रेम र प्रार्थनाको निम्ति उहाँलाई धन्यवाद होस्, जसको कारणले गर्दा हामी स्वस्थ र समृद्ध जीवन जिइरहेका छौं । राष्ट्रिय सभाका सदस्यहरूको तर्फबाट म उहाँलाई धन्यवाद दिँदछु ।

श्रीमान् यहीयल हिलीक बार,
राष्ट्रिय सभाका उप-सभामुख, इजरायल

## "प्रवचनहरूले परमेश्वर र प्रभुलाई भेट्ने बाटो देखाउँदछन् !"

मैले आफ्नो देशका थुप्रै ठाउँहरू र अन्य देशहरूमा समेत डा. जेरक लीको पवित्रताको सुसमाचार प्रचार गरेको छु । त्यहाँका कतिपय मानिसहरूले पहिल्यैबाट उहाँका वचनहरू सुनिसकेका र मानमिन केन्द्रीय चर्चको बारेमा थाहा पाइसकेका हुन्छन् । उहाँका वचनहरूले परमेश्वर र प्रभुलाई भेट्ने मार्गहरूका बारेमा स्पष्टसित बताउँदछन् । सन् २०१७ को सेप्टेम्बरमा, अर्मा नाम गरेको समुद्री आँधी म बसोबास गरेको क्षेत्रतिर अघि बढ्दै थियो । मेरो घर वरिपरिका थुप्रै मानिसहरूका साथै फ्लोरिडा राज्यका थुप्रै बासिन्दाहरू त्यहाँबाट सुरक्षित वासस्थान तर्फ लागि सकेका थिए, तर हामी भने डा. ली समक्ष प्रार्थनाको अनुरोध पठाएकोले गर्दा डर विना नै त्यहाँ बसी रह्यौं । उहाँले प्रार्थना गरिदिनु भएपछि समुद्री आँधी अर्माको मार्ग परिवर्तन भयो र अन्ततः त्यो हराएर गयो। हामी सुरक्षित रहन सक्यौं ।

डा. मिखाएल मोर्गलिस, आत्मिक कूटनीति (स्पिरिटचूएल डिप्लोमेसी) का अध्यक्ष, सरिका

## "यो चर्च अन्तको समयमा सारा संसारको लागि परमेश्वरको योजना हो !"

मानमिन केन्द्रीय चर्च अद्‌भूत र असाधारण छ । परमेश्वरको शक्ति प्रकट गर्दै उहाँको राज्यलाई महान् तवरले वृद्धि गर्ने पास्टर हुनुभएर पनि डा. जेरक ली एकदमै नम्र र कृपालु हुनुहुन्छ । मानमिन सबै पक्षहरूमा आत्मिक र प्रभावशाली छ । थपअझ, अन्त्यको समयमा एकदमै आवश्यक रहेका चिन्ह, आश्चर्यकर्महरू तथा शक्तिशाली कार्यहरू यस चर्चले प्रकट गरिरहेको छ । म विश्वास गर्दछु कि यो चर्च अन्त्यको समयमा संसारको निम्ति परमेश्वरको उदेक र महिमित योजनामा स्थापित भएको छ ।

पास्टर फ्रान्सिस्को लोरिट एक्पोजिटो,
मारानाथा रिभाइभल चर्च, स्पेन

# पुनर्सृष्टिको शक्ति

“अनि परमेश्वरले भन्नुभयो, ‘उज्यालो होस्।’ तब उज्यालो भयो”
(उत्पत्ति १:३)।



डा. जेरक ली
सिनियर पास्टर मानमिन केन्द्रीय चर्च

- अध्यक्ष, यूनाइटेड होलिनेस चर्च अफ जीजस क्राइस्ट
- स्थायी अध्यक्ष, विश्व इसाई जागृती मिशन संगठन
- संस्थापक तथा संचालक समितिका अध्यक्ष, ग्लोबल क्रिश्चियन नेटवर्क (जी.सी.एन)
- संस्थापक तथा संचालक समितिका अध्यक्ष, विश्व इसाई चिकित्सकीय सञ्जाल (डब्लू.सी.डी.एन्)
- संस्थापक तथा संचालक समितिका अध्यक्ष, मानमिन अन्तर्राष्ट्रिय सेमिनारी (एम.आई.एस)
- संस्थापक तथा संचालक समितिका अध्यक्ष, द एलाइन्स होलिनेस थियोलोजीकल सेमिनारी
- सेवकाइमा विद्यावारिधी र ईश्वरशास्त्रमा सम्मानार्थ विद्यावारिधी
- उहाँका वचनहरू फार ईष्ट प्रसारण कम्पनी र एशिया प्रसारण केन्द्रबाट प्रसारण भएका छन्।
- उहाँका क्रिश्चियन लेखहरू द चोसून ईल्बो, द जूङ्आङ्ग दैनिक, द डोङ्ग-ए ईल्बो, द हानकूक ईल्बो, द सियोल सिन्मून, द हान्क्योरे सिन्मून, द खूङ्याङ्ग सिन्मून, द कोरीया आर्थिक दैनिक, द शिसा न्यूज र द क्रिश्चियन प्रेस गरी विभिन्न पत्रपत्रिकाहरूमा छापिन्छन्।
- उहाँले संयुक्त राज्य अमेरिकाको न्यूयोर्क शहर, वासिङ्गटन डि.सि., वाल्टीमोर, मेरील्याण्ड, लस एन्जलस् र हवाई; जापान; भारत; पाकिस्तान; फिलिपिन्स; अर्जेन्टिना; होण्डुरस्, पेरु; रुस; जर्मनी; केन्या; तान्जेनिया; यूगाण्डा; प्रजातान्त्रिक गणतन्त्र कङ्गो; इस्राएलको यरूशलेम; र एस्तोनियामा समुद्र पारका क्रूसेडहरू आयोजना गर्नु भएको छ।

सृष्टिको समयमा, परमेश्वरले ‘उज्यालो होस्’ भन्नुभयो र उज्यालो भयो। यो उहाँको आवाजद्वारा भएको थियो, जुनचाहिँ मौलिक आवाज हो। पुनर्सृष्टिको शक्तिचाहिँ मौलिक आवाजको शक्ति पनि हो।

परमेश्वरले राख्नु भएको सृष्टिको क्रमअनुसार कसैले मौलिक आवाजलाई आफ्नो हृदयमा चाहे अनुरूप स्वतन्त्रतापूर्वक प्रयोग गर्दछ भने, त्यो कुरा मौलिक आवाजद्वारा पूरा हुनेछन्। अब हामी ‘ पुनर्सृष्टिको शक्ति’ को बारेमा हेरौं।

### १. ‘पुनर्सृष्टिको शक्ति’ भनेको के हो ?

पुनर्सृष्टिको कार्य भनेको अस्तित्वमा नभएका कुराहरूलाई सृष्टि गर्नु भन्ने होइन। योचाहिँ, अस्तित्वमा भएका कुराहरूलाई नयाँ रूप दिनु हो। उदाहरणको रूपमा भन्नुपर्दा, यो अस्तित्वमा नभएको फूललाई सृष्टि गर्ने नभई, मरेको फूललाई पुनर्जीवित पार्ने कार्य हो। परमेश्वरले सुन्दर तवरले सृष्टि गर्नुभएका थोकहरूमा हानि वा नोकसानी हुँदा, पुनर्सृष्टिको शक्तिद्वारा त्यसलाई फेरि पहिल्यैकै अवस्थामा ल्याउन सकिन्छ। यहाँसम्म कि मृतकलाई समेत पुनर्जीवित पार्न सकिन्छ। योचाहिँ पृथ्वी, आकाश र त्यसमा भएका सबै थोकहरूलाई पुनःनिर्माण गर्न सक्ने शक्ति हो।

अब, ‘पुनर्सृष्टिको शक्ति’ द्वारा पुनःर्निमाण गर्न सकिने थोकहरूको पहिलो प्राथमिकतामा के छ त ? यसको पहिलो प्राथमिकतामा ‘मानिसहरू’ पर्दछन्। मानिसहरू परमेश्वरको स्वरूपमा सृष्टि गरिएका थिए (उत्पत्ति १:२७)। तर, आदमले पाप गर्नुभएपछि, मानिसहरूले परमेश्वरको स्वरूप गुमाए। सौभाग्यवश: जब तिनीहरूले येशू खीष्टलाई ग्रहण गरी पवित्र आत्मा प्राप्त गर्दछन्, तब तिनीहरूका मृत आत्माहरू पुनर्जागृत हुन्छन्। तरैपनि, अन्त्यको समयमा, पाप र दुष्टताहरू यति धेरै फैलिएका छन् कि मुक्ति प्राप्त गर्नका लागि पर्याप्त विश्वास प्राप्त गर्नु मानिसहरूका निम्ति सजिलो छैन। अधार्मिकता र अराजकता संसारभरि फैलिएको छ। इसाई समुदायको अवस्था पनि यस्तै छ।

यस अन्त्यको समयमा, परमेश्वरले त्यस्ता मानिसहरूलाई त्यत्तिकै छोडिदिनु र बहिष्कार गर्नु हुन्न। उहाँ तिनीहरूका चोटग्रस्त हृदयहरूलाई निको पार्ने मात्र नभई तिनीहरूका फोहोर हृदयलाई समेत पखाल्न चाहनुहुन्छ। तिनीहरूले गुमाएका परमेश्वरको स्वरूपलाई तिनीहरूले पुनःप्राप्त गर्नका लागि सहयोग पाऊन् भन्ने हेतुले उहाँ पुनर्सृष्टिको शक्ति प्रकट गर्न चाहनुहुन्छ। योचाहिँ मुक्ति प्राप्त गर्न असम्भव जस्तै भएकाहरूलाई अर्को मौका दिने उहाँको चाहना हो। यो परमेश्वरको मौलिक प्रेम हो।

पुनर्सृष्टिको शक्ति यही मौलिक प्रेमबाट प्रारम्भ भएको हो। पुनर्सृष्टिको शक्ति प्राप्त गर्नका लागि, हामीले परमेश्वरको मौलिक प्रेमसित मेल खाने प्रेम प्रकट गर्नु पर्दछ। न्यायको मापदण्ड अनुसार मुक्ति प्राप्त गर्न एकदमै मुश्किल भएकाहरूलाई बचाउनका लागि, सो अनुसारको मूल्य चुकाउनु पर्ने हुन्छ।

न्यायअनुसार, पापको ज्याला मृत्यु हो (रोमी ६:२३)। त्यो आत्मालाई मृत्युबाट बचाउनका लागि, त्यस व्यक्तिको सट्टामा कसैले आफैलाई बलिदान गरी न्यायको मूल्य चुकाउनु पर्दछ। हाम्रो खातिर व्यवस्थाको श्राप आफैमाथि लिनका लागि येशू काठको क्रूसमा झुण्डिनु भयो। पापीहरूलाई तिनीहरूका पापहरूबाट छुटकारा दिनका लागि पापरहित येशूले आफ्नो अनमोल रगत बहाउनुभयो। नतिजा स्वरूप, एउटा नयाँ न्यायिक व्यवस्था बन्यो: ‘येशू खीष्टमा विश्वास गर्ने हरेकले पाप क्षमा पाएर परमेश्वरका सन्तान बन्न सक्छ।’

मुक्ति प्राप्त गर्न नसक्ने आत्माहरूलाई मुक्तिमा डोऱ्याउन सक्ने न्यायको मापदण्ड पूरा गर्न उचित बलिदानको आवश्यकता पर्दछ। तब, न्यायको मापदण्ड अनुसार मुक्ति प्राप्त गर्न असमर्थ भएकाहरूले समेत मुक्ति प्राप्त गर्ने मौका पाउँदछन्। इसाई समुदाय र संसारभरका थुप्रै मानिसहरू न्यायको यो ठूलो परिधिभित्र आउनेछन्। तब, यस भ्रष्ट पुस्तालाई समेत मुक्तिको मौका दिने र विद्रोही मानिसहरूको हृदय परिवर्तन गरी तिनीहरूलाई परमेश्वरको सामु घुँडा टेक्ने तुल्याउने न्यायको मापदण्ड पूरा हुनेछ।

यी सबै कुराहरूलाई सम्भव तुल्याउने शक्तिचाहिँ, पुनर्सृष्टिको शक्ति हो। पुनर्सृष्टिको शक्ति प्रकट भएपछि, परमेश्वरमा साँच्चै विश्वास नगर्ने तर उहाँको डर मान्नेहरूले उहाँको प्रेम महसुस गर्न सक्नेछन्, तिनीहरूको हृदय पग्लिनेछ र आफ्नो स्वतन्त्र इच्छाद्वारा तिनीहरूले परमेश्वरमा विश्वास गर्नेछन्।

### २. पुनर्सृष्टिको शक्तिले ढुङ्गाको हृदयलाई हटाई त्यसलाई नयाँ बनाउँदछ

इजकिएल ३६:२६-२७ ले भन्दछ, “म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु। तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु। अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु।”

यो इस्राएलको पुनरुत्थान बारे गरिएको अगमवाणी हो। साथै, यो अन्त्यको समयमा प्रकट हुन आउने पुनर्सृष्टिको शक्तिका कार्यहरू बारेको अगमवाणी पनि हो। दुष्टताद्वारा कठोर भएका हृदयहरू समेत पुनर्सृष्टिको शक्तिद्वारा परिवर्तन हुनेछन् भन्ने कुरा यस पदले बताउँदछ र त्यो नयाँ हृदयलाई ‘मासुको हृदय’ भनिएको छ। एकपटक मानिसले यो ‘नयाँ हृदय’ प्राप्त गरेपछि तिनीहरू परमेश्वरको वचन अनुसार हिँड्न सक्छन्।

इजकिएल ३७ अध्यायमा एउटा दर्शन छ, जसमा इजकिएलले सुकेका हाडहरू जीवित भएर ठूलो सेना बनेको देख्नु भएको थियो। इजकिएलले बेँसीको जमिनमा थुप्रै हाडहरू देख्नु भएको थियो; र ती हाडहरू असाध्य सुकेका थिए। तब, परमेश्वरले इजकिएललाई ती सुकेका हाडहरूबारे अगमवाणी गर्न लगाउनुभयो र त्यहाँ कऱ्याककुरुक आवाज आयो अनि ती हाडहरू एक-अर्कासित जोडिन लागे। त्यसपछि, त्यसमा नसा र मासु भरिए र ती छालाले ढाकिए।

त्यसपछि परमेश्वरले सासलाई अगमवाणी गर्न इजकिएललाई आज्ञा दिनुभयो र सास चारै दिशाबाट आई तिनीहरूमा पस्यो। तब तिनीहरू जीवित भएर आ-आफ्ना खुट्टामा उभिए, र त्यहाँ एक अत्यन्तै ठूलो सेना खडा भयो। यो पुनर्सृष्टिको कार्य हो।

यहाँ ‘सुकेका हाडहरू’ ले पुनर्स्थापनाको सम्भावना नै नभएकाहरूलाई जनाउँदछ। थुप्रै मानिसहरू यी सुकेका हाडहरू जस्ता छन्। यस्ता धेरै आत्माहरू छन् जसमा नयाँ जीवनको कुनै सम्भावना नै छैन। तिनीहरूका हृदयहरू पुराना, दुष्ट, कुरूप र विकृत भएका छन्। पुनर्सृष्टिको शक्तिद्वारा यस्तो अवस्थामा रहेकाहरू समेत ठीक हुन, नयाँ बन्न, शुद्ध र परिवर्तन हुन सक्छन्।

प्रेमको परमेश्वर, पापले भरिएको यस पुस्तामा जिइरहेकाहरूले पुनर्सृष्टिको शक्ति देखेर जीवित परमेश्वर र बाइबलको विशुद्धतामा विश्वास गरून् र मुक्ति प्राप्त गरी स्वर्गमा प्रवेश गरून् भन्ने चाहनुहुन्छ। यो अन्त्यको समयको निम्ति उहाँको प्रबन्ध हो।

### ३. पुनर्सृष्टिको शक्तिले भ्रष्ट पुस्तालाई परिवर्तन गराउँदछ

#### १) कोरह र त्यसका दल झैँ परमेश्वरको जनको विरुद्धमा खडा हुने मानिसहरू।

गन्ती १६ अध्यायमा कोरह, दातान र केही अन्य मानिसहरू अटेरी भई मोशाको विरुद्धमा खडा भएको घटना छ। कोरह लेवी कुलको थियो र त्यसले मन्दिरमा सेवा गर्ने जिम्मा पाएको थियो। तर त्यसमा पूजाहारी बन्ने चाहना थियो। दातान, अबीराम र तिनीहरूका दल मोशाको विरुद्धमा खडा भए र मोशाको कारण आफूहरूले उजाडस्थानमा कष्ट भोग्नुपऱ्यो भनी गनगनाए।

यो कार्य परमेश्वरको दृष्टिमा एकदमै दुष्ट थियो। तसर्थ, धरतीले आफ्नो मुख बाएर उनीहरू र उनीहरूका घरानाहरू- कोरहतर्फका सबै मानिसहरू- उनीहरूका मालतालसमेतलाई निल्यो। तिनीहरू आफ्ना सबै कुराहरू सँगै चिहानमा जिउँदै पुरिए; धरती उनीहरूमाथि

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा “प्रेरितहरुको विश्वासको सार” द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन्।

“किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।” (प्रेरित १७:२५)
“अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।” (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित

२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com

प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन

बन्द भयो (गन्ती १६:३२-३३)। तिनीहरूका दुष्टताहरू परमेश्वरको दृष्टिमा कति डरलाग्दो थियो भन्ने कुरा तपाईंले देख्न सक्नुहुन्छ।

'परमेश्वरको विरूद्ध खडा' हुने पाप पुरानो करारका साथै नयाँ करारमा पनि पाउन सकिन्छ। योचाहिँ 'पवित्र आत्माको विरुद्धमा बोल्नु, पवित्र आत्माको निन्दा गर्नु र पवित्र आत्माको विरोध गर्नु हो।' मर्कूस ३:२९ मा येशूले भन्नुभएको छ, "तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई कदापि क्षमा हुनेछैन, तर त्यो अनन्त पापकर्मको दोषी ठहर्छ।"

तरैपनि, आज परमेश्वरमा विश्वास गर्छु भनी भन्नेहरू माझमा समेत यस्ता थुप्रै व्यक्तिहरू छन्, जो पवित्र आत्माको विरुद्धमा बोल्ने, निन्दा गर्ने र विरोध गर्ने गर्दछन्। परमेश्वरका प्रमाणहरू देखेतापनि दुष्टतामा अन्धा भई विश्वास नगर्ने मानिसहरू पनि छन्। तिनीहरू दुष्ट शब्दहरू प्रयोग गरी परमेश्वरको जनको न्याय गर्छन्, दोष लगाउँछन् र निन्दा गर्छन्। यसो गर्नु भनेको परमेश्वरको निन्दा गर्नु सरह हो, र यो क्षमा योग्य हुँदैन।

तरैपनि, त्यस्ता मानिसहरूले समेत पश्चत्ताप गरून् र मुक्तिको अर्को मौका प्राप्त गरून् भनी परमेश्वर चाहनुहुन्छ। त्यही भएर, परमेश्वरले यस्तो पुनर्सृष्टिको शक्ति प्रकट हुन दिनु भएको छ।

### २) प्रभु र पवित्र आत्मालाई धोका दिने यहूदा इस्करियोत र हननिया अनि सफीरा जस्ता मानिसहरू।

यहूदा इस्करियोतले आफ्नो फाइदा र स्वार्थको निम्ति येशूलाई पछ्याएको थियो। येशूले सांसारिक अख्तियार प्राप्त गर्नुभएको खण्डमा येशूको पछाडि बसेर फाइदा लिने त्यसको अभिप्राय थियो। त्यसले पैसाको थैली बोक्ने जिम्मा पाएको थियो र त्यसले त्यो थैलीबाट पैसा चोर्ने गर्थ्यो।

तर येशू त्यसले सोचेको भन्दा एकदमै फरक मार्गमा जानुभयो। अन्ततः त्यसले येशूलाई चाँदीका तीस टुक्राहरू (सिक्काहरू) मा बेचिदियो। यहूदा इस्करियोतको मृत्युबारे प्रेरित १:१८ ले भन्दछ, "अब त्यस मानिसले अधर्मको कमाइबाट एउटा जग्गा किन्यो, र उँधोमुन्टो भई खस्यो र त्यसको भुँडी फुट्यो, र त्यसका सबै आन्द्रा-भुँडी निस्के।" लोभमा परी प्रभुलाई धोका दिनुको नतिजा कति दयनीय हुँदछ!

प्रेरित ५ अध्यायमा लेखिएझैं, हननिया र सफीराले प्रारम्भिक चर्चको समयमा पवित्र आत्माका ज्वालामय कार्यहरू र अनुग्रहलाई अनुभव गरेका थिए। तिनीहरूले आफ्नो एक टुक्रा जमिन बेची त्यसबापत प्राप्त हुने मोल प्रेरितहरूको चरणमा राखिदिने वचन दिएका थिए। तर, पैसा पाएपछि तिनीहरूले त्यसबाट केही हिस्सा आफ्नो निम्ति छुटचाएर राखे। तब, पवित्र आत्माको स्पष्ट कार्यद्वारा, शक्तिको प्रेरित पत्रुसले हननिया र सफीरालाई हप्काउनु भयो। अनि तिनीहरूको तुरुन्तै मृत्यु भयो।

अनुग्रह पाएर पनि यदि कसैले पवित्र आत्मालाई धोखा दिन्छ भने, यो पनि गम्भीर पाप हो। प्रेरित पत्रुसले पवित्र आत्माको सहायताद्वारा शक्ति प्रकट गर्नु भएकोले गर्दा, उहाँलाई धोका दिनु भनेको पवित्र आत्मालाई धोका दिनु सरह थियो।

यसबाहेक, यदि तपाईं परमप्रभु आफ्ना परमेश्वरका सामु प्रतिज्ञा गरेर पनि त्यसलाई पूरा गर्नुहुन्न भने, यो पनि उहाँलाई धोका दिनु हो। तसर्थ, कुनै कुरा मुक्तिसित सम्बन्धित छैन भन्ने सोची तपाईंले लापरवाही तवरले परमेश्वरको सामु प्रतिज्ञा गर्नु हुँदैन। यदि तपाईंमा प्रतिज्ञा गर्ने र गरेको प्रतिज्ञालाई पूरा गर्ने विश्वास छ भने, त्यो तपाईंको निम्ति महान् आशिष् बन्नेछ।

तर वास्तविकता के हो भने, आजको इसाई समुदायमा समेत यस्ता धेरै मानिसहरू छन् जो हननिया र सफीरा वा यहूदा इस्करियोतले भन्दा अझ बढी दुष्ट कार्यहरू गर्ने गर्दछन्। तर परमेश्वर त्यस्ता मानिसहरूलाई समेत त्याग्न चाहनुहुन्न। उहाँले पुनर्सृष्टिको शक्ति मार्फत् तिनीहरूलाई आफ्नो प्रेम देखाउनुहुन्छ र तिनीहरूले पश्चात्ताप गरी मुक्तिको मौकालाई पक्रेको उहाँ चाहनुहुन्छ।

### ३) फरिसी र शास्त्रीहरूझैं ज्ञानको संरचनामा पवित्र आत्माको विरुद्ध खडा हुने मानिसहरू।

येशूको समयका फरिसी र शास्त्रीहरूलाई पुरानो करारका नियमहरू कण्ठै थियो, तरैपनि तिनीहरूले त्यो व्यवस्था दिनुहुने परमेश्वरको साँचो इच्छालाई बुझ्न सकेनन्।

यूहन्ना ५:३९ मा येशूले भन्नुभयो, "मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्।" यदि फरिसी र शास्त्रीहरूले पवित्र आत्माको प्रेरणामा बाइबल अध्ययन गरेका भए, पुरानो करारमा धेरै चोटी अगमवाणी गरिएको मसीहा येशू नै हुनुहुन्छ भन्ने कुरा तिनीहरूले बुझ्ने थिए।

तर तिनीहरूमध्ये अधिकांशले आफ्नो ज्ञानको संरचनामा रही बाइबल पढे। येशू, जो वचन हुनुहुन्थ्यो, उहाँ देहधारी भई तिनीहरूका सामु आउनुहुँदा, तिनीहरूले उहाँलाई चिन्न सकेनन्। तिनीहरू अन्धा मूर्खहरू जस्ता थिए। त्यसकारण, तिनीहरूले येशूलाई क्रूसमा टाँग्ने प्रमुख भूमिका खेले।

आजको इसाई समुदायमा समेत यस्ता मानिसहरू छन्। उनीहरू, "मैले धेरै वर्ष धर्मशास्त्र (ईश्वरशास्त्र) को अध्ययन गरेको छु," "मैले धेरै वर्षसम्म सेवकाई गरेको छु, र मैले धेरै वर्ष परमेश्वरलाई दिएको छु," वा "मैले धर्मशास्त्र/ईश्वरशास्त्रमा विद्यावारिधी गरेको छु र अरूले भन्दा बढी बाइबल पढेको छु" भनी भन्ने गर्दछन्। तिनीहरू आफैमा घमण्ड गर्दछन्, तर वास्तवमा तिनीहरूमध्ये थोरैले मात्र पवित्र आत्माका कार्यहरू प्राप्त गरेका हुन्छन्। तिनीहरूको ज्ञान तिनीहरूको अहंम् बन्दछ र तिनीहरूले न्याय गर्ने अनि दोष लगाउने जस्ता पापहरू गर्दछन्। परमेश्वर पुनर्सृष्टिको शक्तिद्वारा तिनीहरूका कठोर संरचनाहरू तोड्न चाहनुहुन्छ। उहाँ तिनीहरूले पवित्र आत्माका कार्यहरू प्राप्त गरून् र मुक्तिको मौका प्राप्त गरून् भन्ने पनि चाहनुहुन्छ।

बाइबललाई पवित्र आत्माको प्रेरणामा व्याख्या गर्नु पर्दछ र त्यसो गर्नका लागि हामीले अनगिन्ती उपवास र प्रार्थनाहरूद्वारा परिश्रमपूर्वक आत्मिक राज्यलाई बुझ्नु पर्दछ। सबैभन्दा महत्वपूर्ण कुरा भनेको परमेश्वरसित सञ्चार गर्नु, उहाँको हृदय जान्नु र उहाँको इच्छा बुझ्नु हो। यद्यपि, बाइबल बुझेको छु भनी घमण्ड गर्नेहरूमध्ये धेरैले आत्मिक राज्य बारे बुझ्न परिश्रम गर्दैनन्। तिनीहरूले पूरा गर्नु पर्ने भागहरू मैले पूरा गरिदिएको कारणले गर्दा, तिनीहरूले ज्ञानका ती कठोर संरचनाहरू तोड्न र पवित्र आत्माका कार्यहरू प्राप्त गर्न सक्नेछन्।

ख्रीष्टमा प्रिय दाजु-भाइ तथा दिदी-बहिनीहरू, संसारका सबै मानिसहरूलाई मुक्तिमा डोऱ्याउने हाम्रो जिम्मेवारीमा हामी साँच्चै मूल प्रवर्तक बन्नेछौं। प्रेमले मानिसलाई जागृत बनाउँदछ र परिवर्तन गराउँदछ। तपाईंहरू चाँडै नै प्रेमको प्रेरितहरूमा परिवर्तन हुनुभई एकसाथ मिली अन्त्यको समयको प्रबन्धलाई पूरा गर्नु भएको होस् भनी म प्रभुको नाउँमा प्रार्थना गर्दछु।

## म निःसन्तान थिएँ तर गर्भधारणको आशिष् प्राप्त गरेँ!



भारत, दिल्लीका प्रमोद कुमार निःसन्तान हुनुहुन्थ्यो, किनभने उहाँकी श्रीमतीका डिम्बवाही नलीहरू अवरुद्ध भएका थिए। तर डा. जेरक लीको प्रार्थनापछि, उहाँ निको हुनुभयो र छोरीलाई जन्म दिनुभयो। जापान, यामागाटाकी सिनियर डिकनिस योनयोङ्ग चोई सन्तानलाई जन्म दिनका लागि एकदमै कमजोर हुनुहुन्थ्यो, तर डा. लीको प्रार्थनापछि, उहाँले दुई छोराहरू र एउटी छोरीलाई जन्म दिनुभयो। प्रार्थनाद्वारा डिकनिस क्योङ्गही जाङ्गले विवाहको बाह्र वर्षपछि पहिलो सन्तानको रूपमा छोरीलाई जन्म दिनुभयो र त्यसद्वारा आफ्नो सासु ससुरलाई चर्चमा डोऱ्याउन सक्नुभयो। थाईल्याण्ड, चियाङ्ग माईकी डिकनिस पावरी इङ्गकङ्गले विवाह भएको चार वर्षपछि स्वस्थ छोरा जन्माउनुभयो (तस्वीरहरू १ देखि ४)।

## गर्भमा रहेको छोरा छोरीमा र छोरी छोरामा परिणत भए!



संयुक्त राज्य अमेरिकाको न्यू जर्सीका युकेरिया इजुण्डुले आफ्नो भाइको निम्ति डा. लीको प्रार्थना ग्रहण गर्नुभएको थियो। उहाँहरू छोरा चाहनुहुन्थ्यो तर गर्भावस्थाको नौं महिनामा अस्पतालले गर्भमा छोरी छ भनी भन्यो। डा. लीले उहाँहरूको इच्छाको निम्ति प्रार्थना गरिदिनु भएपछि, उहाँहरूले छोरा जन्माउनुभयो। सिनियर डिकनिस इन्सुक किमको गर्भमा छोरी भएतापनि उहाँ छोरा चाहनुहुन्थ्यो, तसर्थ उहाँले प्रार्थना ग्रहण गर्नुभयो र छोरा जन्माउनुभयो। सियोलकी डिकनिस मियोङ्ग चे र केन्या नाइरोबीकी बहिनी सोफी एटिङ्ग, उहाँहरू क्रमशः गर्भावस्थाको पाँचौं र नौ महिनामा हुनुहुन्थ्यो र छोरी पाउन चाहनुहुन्थ्यो। उहाँहरूले प्रार्थना ग्रहण गर्नुभयो र दुवैले छोरी जन्माउनुभयो (तस्वीर १ देखि ४)।

## मेरो गर्भमा रहेको बच्चा डाउन सिन्ड्रोमको उच्च जोखिममा थियो, तर प्रार्थनापछि मैले स्वस्थ बच्चा जन्माएँ!



एउटा सामान्य व्यक्तिमा २३ जोडी क्रोमोजोमहरू हुन्छन्, तर डाउन सिन्ड्रोम भएको व्यक्तिमा भने २१ औं क्रोमोजोममा तीनवटा क्रोमोजोमहरू हुन्छन्। तिनीहरू सामान्य अवस्थामा आउनका लागि, अरबौं कोषहरूमा रहेका क्रोमोजोमहरू परिवर्तन हुनु पर्दछ। डिकनिस मिनक्योङ्ग लीको गर्भावस्थाको ११ औं हप्तामा गरिएको नुकल ट्रान्सलुसेन्सी परीक्षण (लगअजर्बा तचबलकगिअभलअथ तभकतष्लन) (भ्रूणको मुटुको धड्कन र रक्त नलीहरूमा असामान्यतालाई पत्ता लगाउनका लागि गरिने अल्ट्रासाउण्ड) ले नुकल ट्रान्सलुसेन्सी (बच्चाको घाँटीको पछाडि छालाभित्र जम्मा भएको तरल पदार्थ) ४.१२ एमएम भएको देखायो, जसले गर्दा बच्चालाई डाउन सिन्ड्रोम र अन्य अनुवांशिक रोगहरु लाग्ने उच्च सम्भावना थियो। तर डा. लीको प्रार्थना ग्रहण गरेपछि, त्यो घटेर २ एमएम भयो जुनचाहिँ सामान्य अवस्था हो। पास्टर सुही यिमले गर्भावस्थाको चौंथो महिनामा, डिकनिस संगजिन यूनले गर्भावस्थाको पाँचौं महिनामा र सिनियर डिकनिस हेसुक किमले गर्भावस्थाको १६ औं हप्तामा क्वाड परीक्षण (गर्भवती महिलाको रगत परीक्षण) को दौरान गर्भमा रहेका उहाँहरूका बच्चाहरूलाई डाउन सिंड्रोम हुने अत्याधिक सम्भावना रहेको थाहा पाउनुभयो, तर डा. लीको प्रार्थनाद्वारा उहाँहरूले स्वस्थ बच्चा जन्माउन सक्नुभयो (तस्वीरहरू १ देखि ४)।



# "म २३ वर्षसम्म अनुपस्थित भएतापनि मेरो प्रभुले मलाई त्याग्नु भएन !"

दाई द्योकही योन, वर्ष ५०, १४ औं प्यारिस, मानमिन केन्द्रीय चर्च

सन् १९९६ मा, मेरी श्रीमतीले मलाई मानमिन केन्द्रीय चर्चमा डोऱ्याउनु भएको थियो, तर मैले व्यस्तताको कारण देखाएर चर्च जान छोडेँ । हाम्रो छोरा क्युजिनलाई गम्भीर प्रकारको दमको रोग लागेको कारण मेरी श्रीमती डिकनिस सुन्योङ्ग ली चर्च जान थाल्नु भएको थियो । औषधि उपचारले समेत यो रोग पूर्ण रूपमा निको हुन सक्दैन भनी हामीलाई भनिएको थियो । ऊ प्रायः जसो लामो समय दौडिएर आएकोझैं गरी गाह्रोसित सास फेर्थ्यो । तर चौथो कक्षामा पढ्दै गर्दा, सिनियर पास्टरको प्रार्थना ग्रहण गरेपछि परमेश्वरको अनुग्रहद्वारा ऊ पूर्ण रूपमा निको भयो । अहिले ऊ स्वस्थ छ र कलेजमा तेक्वान्दोलाई मुख्य विषयको रूपमा लिएर अध्ययन गरिरहेको छ ।

मेरो कार्यस्थल घरदेखि धेरै टाढा थियो, त्यसैले म हप्ताको अन्त्यतिर मात्र घर जान्थेँ । घरमा गएपछि म केही नगरी केवल आराम मात्र गर्न चाहन्थेँ । मेरी श्रीमतीले मेरो यो चाहना बुझेर मेरो सेवा गरेको म चाहन्थेँ । मेरो यस्तो चाहनाको कारण हामीबीच प्रायजसो व्यर्थैमा बहस भइरहन्थ्यो । अचानक, एक दिन मेरी श्रीमतीले मेरो चाहना अनुरूप नै मेरो सेवा गर्न थाल्नुभयो । ईमानदारीपूर्वक भन्नुपर्दा, विगतमा उहाँले मलाई त्यति वास्ता नगरी चर्चका कार्यहरूमा नै बढी ध्यान दिएको कुरा मलाई त्यति मन परेको थिएन । तर उहाँ परिवर्तन हुनुभयो र मेरो सेवा राम्ररी गर्न थाल्नुभयो । उहाँ परिवर्तन हुनु भएको देख्दा, मलाई उहाँप्रति ग्लानी महसुस भयो ।

सन् २०१६ को अगस्टमा, मानमिन समर रिट्रिट दौरान मेरो कान्छो छोरो प्यारालाइटिक स्ट्र्याबिस्मस (अयलनभलष्तबाउबचबथितष्अ कतचबदष्कगक-जन्मैदेखिको आँखाको टेँढोपना) बाट निको भयो । यो एकदमै उदेक लाग्दो घटना थियो ! बाल्यकालदेखि नै केही कुरा हेर्नु पर्दा उसले आँखा टेँढो गर्नुपर्थ्यो । डाक्टरले समेत शल्यक्रिया गर्नु एकदमै जोखिमपूर्ण छ र गरिहालेतापनि निको हुने ग्यारेन्टी छैन भनी भन्नुभएको थियो । तर डा. लीको प्रार्थनाद्वारा ऊ निको भयो ।

सिनियर पास्टरद्वारा मेरा दुइ छोराहरूले यस प्रकार चङ्गाई पाए र उनीहरू राम्ररी हुर्केका छन् । मेरी श्रीमतीले मेरो राम्ररी सेवा गर्नुभयो । यस्तो आशिषित् परिवारमा, मलाई दिइएका अनुग्रह र प्रेमलाई मैले गम्भीरतापूर्वक लिइनँ । केही क्षणको निम्ति धन्यवादी भएतापनि, म ती कुराहरू बिर्सिहाल्थेँ ।

सन् २०१७ मा, एक जना व्यक्तिलाई सहायता गर्ने क्रममा मैले अप्रत्याशित रूपमा कठिनाइको सामना गर्नु पऱ्यो । मेरी श्रीमतीले मेरो निम्ति प्रार्थना गरिदिनुभयो । त्यो बेला म केही समस्याहरू समाधान गर्न प्रयास गर्दै थिएँ र मेरी श्रीमतीले मलाई मेरो व्यवसाय स्थलमा सेवा सङ्गति राख्ने सुझाव दिनुभयो । म आफैले ती समस्याहरू समाधान गर्न नसक्ने भएकोले गर्दा परमेश्वरमा भर पर्नु बाहेक मेरो निम्ति अरू कुनै विकल्प थिएन ।

सन् २०१८ को फेब्रूअरी २४ मा, हामीले सेवा सङ्गति अर्पण गरिरहेको बेलामा, मलाई परमेश्वरले मेरो हृदय बुझ्नुभएको र मलाई सान्त्वना दिनुभएको महसुस भयो । मार्च ४ मा, म आइतबारको सेवामा सहभागी हुन चर्च गएँ । सेवाको दौरान, थाहै नपाई मेरा आँखाबाट आँसु बग्न थाले । २३ वर्ष सम्म म अनुपस्थित भएतापनि, प्रभुले मलाई बिर्सनु भएको छैन र मेरा हरेक परिस्थितिहरूलाई उहाँले जान्नुहुन्छ भन्ने अनुभव मलाई भयो ।

त्यसपछि, सिनियर पास्टरका वचनहरूले मेरो हृदयलाई नयाँ बनाउन थाल्यो । डा. लीका वचनहरू "क्रूसको सन्देश," "विश्वासको नाप," र "स्वर्ग" बारे उहाँले दिनुभएका गहिरा व्याख्यानहरूबाट म एकदमै अचम्भित भएँ । चर्चमा गएपछि, मैले आफ्नो हृदयमा भएका बोझहरू एक-एक गरी हट्दै गएको महसुस गरेँ । सदस्यहरूलाई अंगाल्नु भएर अगुवाई गर्नुहुने सिनियर पास्टरबाट म प्रभावित भएँ ।

मैले मद्यपान गर्न छाडेँ र आइतबारको सेवामा सहभागी हुन थालेँ । साथै, समय हुँदा मैले शुक्रबारको रात्री सेवा र बुधबारका सेवाहरूमा पनि भाग लिन थालेँ । मैले प्रार्थना गर्न शुरू गरेँ । सांसारिक आनन्दको खोजीमा जिइरहेको, म जस्तो व्यक्तिलाई धैर्यतापूर्वक पर्खिदिनु भएको निम्ति म परमेश्वर र प्रभुलाई धन्यवाद दिन्छु ।

यसका साथै, मलाई आफ्नो हृदयमा राख्नुहुने र आफ्नो शक्तिमा उहाँको प्रेम देखाउनुहुने प्रिय सिनियर पास्टरलाई पनि म हृदयदेखि धन्यवाद दिन्छु ।

# "मेरो बायाँ कानले सुन्न सक्दैनथ्यो तर अहिले सुन्ने भएको छ, र मेरो आँखाको दृष्टि खराब थियो तर अहिले स्पष्टसित देख्न सक्ने भएको छ !"

डिकनिस ओक्वा वोन, वर्ष ७९, चौथौं प्यारिस, मानमिन केन्द्रीय चर्च

म ८ वर्षको हुँदा मलाई एकदमै ज्वरो आएको थियो, र त्यसको असर स्वरूप मेरो बायाँ कानले सुन्न छोड्यो । यही कारण मेरा साथीहरू पनि थोरै थिए र प्राय जसो म एक्लै हुन्थेँ र रूने गर्थें । भाइ-बहिनीहरूको हेरचाह गर्नु पर्ने भएकोले गर्दा मैले विद्यालयमा राम्ररी अध्ययन पनि गर्न सकिनँ । १९ वर्षको हुँदा, मेरो विवाह भयो र म देगू शहरमा आएँ ।

देगूका मानिसहरूको भाषा अलि भिन्न भएकोले गर्दा, म तिनीहरूले भनेका सबै कुराहरू बुझ्न सक्दिनथेँ । कतिपयले मलाई मूर्ख भन्थे र मप्रति दुःखी हुन्थे । परमेश्वरले म जस्तो असहाय र दुःखी व्यक्तिलाई पनि उहाँको प्रेम देखाउनु भयो ।

सन् २०१६ को मे १ तारिखमा, म मानमिन केन्द्रीय चर्चमा गएँ । चर्च भवनमा पुगेपछि, मलाई आफू फूलहरूको ठूलो बिछ्यौनामा भएको अनुभव भयो ।

चर्च भवन ज्योतिले भरिएको थियो र चर्चका सदस्यका मुहारहरू आनन्दले भरिएर चम्किलो देखिन्थ्यो । आइतबारको आराधना सेवामा वचन प्रचार गर्न सिनियर पास्टर डा. जेरक ली वेदीमा उभिनु भएको थियो । मैले उहाँबाट तेजिलो, शान्तमय र आत्मिक ज्योति निस्केको महसुस गरेँ ।

वचनको क्रममा उहाँले भन्नुभयो कि, यदि हामी परमेश्वरमा इमानदारितापूर्वक विश्वास गर्छौं भने, हामीले पाप गर्ने वा झूट बोल्ने छैनौं, अनि हामी स्वर्गमा प्रवेश गर्न सक्छौं । मैले मेरो जीवनभरि प्राप्त गर्न नसकेको शान्ति र विश्राम उहाँका वचनहरूमा प्राप्त गरेँ। जीसीएन् मार्फत् म दानिएल प्रार्थना सभामा सहभागी भई प्रार्थना गर्न थालेँ र मलाई यस्तो सुन्दर र असल चर्चमा डोऱ्याउनु भएको निम्ति धन्यवादको प्रार्थना चढाएँ ।

सन् २०१८ को प्रारम्भमा, आत्माहरूलाई मुक्तिमा डोऱ्याउने कार्यमा आफूलाई पूर्ण रूपले समर्पित गर्दै आफ्नो सारा सामर्थ्य गुमाउनु भएको र राम्ररी सुन्न र हेर्न पनि नसक्ने हुनु भएको सिनियर पास्टरलाई सम्झदाँ मेरो हृदय पीडाले छट्पटायो । उहाँले राम्ररी देख्न र सुन्न सक्नुभएको होस् भनी मैले परमेश्वरसित प्रार्थना गर्न थालेँ ।

यसैबीच, मार्च २५ को दिन, मैले एउटा अचम्मको कुरा अनुभव गरेँ । आराधना सेवाको दौरान सिनियर पास्टरले केही कुरा विस्तारै भन्नुभएतापनि, मैले उहाँको आवाज सुन्न सकेँ । मेरो बायाँ कानले राम्ररी सुन्न नसक्ने भएकोले गर्दा, मैले मेरो दायाँ कानद्वारा एकदमै ध्यान दिएर सुन्नुपर्थ्यो । तर त्यस दिनको अवस्था भने फरक थियो । अरूसित कुराकानी गर्दा र आराधना सेवाहरूका वचनहरू सुन्दा, मैले एकदमै राम्ररी सुन्न सकेँ । म सुन्न नसक्ने समस्याबाट निको भएँ ! यस समस्याको कारण मेरो जीवनभरि मैले दुःख भोग्नु परेको थियो, तर मैले प्रार्थनामा नमागीकनै कृपाको परमेश्वरले मलाई यसबाट निको पार्नुभयो ।



थपअझ, मेरो आँखाको दृष्टि एकदमै खराब भएकोले गर्दा, मैले चश्माका साथ-साथै अतिरिक्त लेन्स पनि लगाउनु पर्थ्यो । चश्मा र अतिरिक्त लेन्सको प्रयोग गरेतापनि, म स-साना अक्षरहरू भने पढ्न सक्दिनथेँ । तर अहिले म अतिरिक्त लेन्स विना नै स-साना अक्षरहरू पढ्न सक्ने भएको छु ।

म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु, जसले मलाई साँचो खुशी दिनुभयो र चाँडै नै ८० वर्ष पुग्न लागेको म जस्तो व्यक्तिको सुन्ने क्षमता र आँखाको दृष्टिमा सुधार ल्याइदिनुभयो ।